Govt. Regd. No. 1331/068/069

Sanima Mai Hydropower Limited

# Sanima Mai Hydropower Limited

च.नं.: ०६८०८२/८३

मितिः २०८२/०६/२०

श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यू,
नेपाल स्टक एक्स्चेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

विषय : **विषेश परिस्थितिको जानकारीका सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, मिति २०८२ आश्विन १८ गते भएको अविरल वर्षाको कारण माई खोलामा आएको बाढीले यस कम्पनीद्वारा सञ्चालित माई जलविद्युत आयोजना (२२ मे.वा.) को हेडवर्क्स क्षेत्रका विभिन्न संरचनामा क्षति पुऱ्याएको छ । आजको दिनसम्म पनि बाढी नघटेकाले क्षतिको विस्तृत परिक्षण, मुल्याङ्कन गर्न सकिएको छैन । यस विशेष परिस्थितिका कारण दुबै जलविद्युत आयोजना- माई (२२ मे.वा.) र माई क्यास्केड (७ मे.वा.) को सञ्चालनमा अवरोध सृजना भई विद्युत गृहहरू बन्द रहेको व्यहोरा धितोपत्र सुचिकरण विनियमावली, २०७५ को विनियम २२ बमोजिम जानकारी गराउन चाहन्छौं ।

साथै, क्षतिको आवश्यक अध्ययन विश्लेषणका लागि प्राविधिज्ञहरू परिचालन भई सकेको हुँदा परिस्थिति सामान्य हुनासाथ क्षतिको मर्मत सम्भार कार्य तत्काल प्रारम्भ गरी आयोजना यथासिघ्र सञ्चालनमा ल्याईने व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

............
क्रान्त श्रेष्ठ
कम्पनी सचिव

P. O. Box: 19737, KMC-4, Dhumbarahi, Kathmandu, Tel. (977-1) 4373030, 4372828, 4015788, Fax: (977-1) 4015799
E-mail: sanimamai@sanimahydro.com, Website: www.maihydro.com